आज मिति २०७५ फागुन ८ गते बुधबार दिउंसो ४:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री राम गोविन्द श्रेष्ठ

**विषयहरु :-**

१. ख्वप अस्पताल सिलान्यासबारे ।

२. विविध ।

**निर्णयहरु :**

१. यस नगरपालिकाद्वारा संचालन गरिने ख्वप अस्पतालको भवन शिलान्यास कार्यक्रमको तालिका एवं अतिथिहरु आमन्त्रण गर्ने निर्णय गरियो :

मिति : २०७५ फागुन ९ गते, बिहीबार

समय : विहान ८:०० बजे

स्थान : अस्पताल भवन निर्माण स्थल, च्याम्हासिंह

प्रमुख अतिथि : नारायणमान बिजुक्छें (रोहित) – अध्यक्ष, नेपाल मजदुर किसान पार्टी

अतिथ : प्रेम सुवाल – सचिव, नेमकिपा केन्द्रीय समिति एवं माननीय सांसद

सभापति : सुनिल प्रजापति – प्रमुख भक्तपुर नगरपालिका

अतिथ : सुरेन्द्रराज गोसाई – प्रदेश सभा सदस्य

अतिथ : सृजना सैंजु -प्रदेश सभा सदस्य

अतिथ : रजनी जोशी – उपप्रमुख, भक्तपुर नगरपालिका

अतिथ : नारायण प्रसाद भट्ट, प्रमुख जिल्ला अधिकारी

अतिथ : हिमालयकुमार श्रेष्ठ – प्रहरी उपरीक्षक

अतिथ : रोहितराज पोखरेल, निर्वतमान प्रमुख प्रशासकीय अधिकृत

२. विविध विषयमा छलफल हुंदा निम्न अनुसार गर्ने निर्णय गरियो :

क भक्तपुर नगरपालिकामा विपद व्यवस्थापन कोष खडा गरी बैंक खाता खोल्ने तथा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरमा चेक संचालन गर्ने गरियो ।

ख. यस नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य सेवा केन्द्रमा केन्द्र आफ्नै नाममा फार्मेसी संचालन भइरहेको र नेपाल सरकार औषधी व्यवस्था विभागमा फार्मेसी दर्ता गर्न ख्वप बहुप्राविधिक अध्ययन संस्थानबाट मिति २०७५।११।७ गते प्रेषित पत्र अनुसार जनस्वास्थ्य सेवा केन्द्रकै नाममा फार्मेसी दर्ता गर्ने निर्णय गरियो । साथै सो प्रयोजनको लागि यसै केन्द्रका फार्मेसी सहायक मनिष ज्याख्वको फार्मेसीसम्बन्धी प्रमाणपत्रहरु प्रयोग गर्ने र आधिकारिक काम कार्वाहीको लागि जनस्वास्थ्य सेवा केन्द्रका इन्चार्ज डा. रत्नसुन्दर लासिवालाई अख्तियारी दिइएको व्यहोरा अनुरोध छ ।

ग. भक्तपुर नगरपालिकाको आयोजनामा भएको भक्तपुर नगरव्यापी धाँ बाजा प्रतियोगिता सम्पन्न गर्नको लागि  वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले रु. ३ लाख पेश्की लिई रु. ३,४४,४९३।- बराबरको बिल भपाई पेश गरी नपुग रकम ४४,४९३।- भुक्तानी समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरेको अनुमोदन गरियो ।

घ. भक्तपुर सामाकि सुरक्षा भत्ता यही मिति २०७५ फागुन १४, १५ र १६ वडा कार्यालयहरुबाट वितरण गर्ने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा आयोजना गरिएको चौथो नगरसभाको २०७५/१०/१९ गते रु.४१,५२७।५०।-, मिति २०७५/१०/२१ गते रु. ५४,०१४।- र २०७५/१०/२२ गते रु.४५,५३९।- को खाजा खर्च तथा मिति २०७५/१०/२४ गते बिहिबार अन्तरनगर खेलकुद प्रतियोगिताको लागि पत्रकार सम्मेलन कार्यक्रममा सहभागीहरुको लागि खाजा खर्च गरी कुल रु. १,४८,९९०।- सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिएको अनुमोदन गरियो ।

च. भनपाद्वारा संचालित पानी बोक्ने गाडी नं. २२६२ मर्मत स्वरुप रु.७,७५०।- एस. जी. वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. यस कार्यालयको ७९५९ नं. को दिलीपकुमार सुवाले प्रयोग गरेको मोटरसाईकल मर्मत तथा आवश्यक सामानहरु फेर्दाको रु.३,२५०।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. भनपाद्वारा संचालित बा १ क ८१५६ को एक्साभेटर चेन डोजरको विभिन्न सामान मर्मत गर्न लागेको रकम रु.७४,५८०।- न्यौपाने इन्जिनियरिङ्गलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. .विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

<u>क.महिला, बालबालिका तथा समाज कल्याण समिति :</u>

मिति २०७५।११।३ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. आ.व. २०७५/०७६ को दोश्रो चौमासिक किस्ता (२०७५ देखि फागुन मसान्तसम्म) को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने देहाय बमोजिम नागरिकहरु छन् :

क. जेष्ठ नागरिक - ३०५७ जना

ख. ७० वर्ष नाघेका विधवा/एकल ७३६ जना

ग. एकल/विधवा २००४ जना

घ. अति अशक्त अपाङ्ग - १३९ जना

ङ. पूर्ण अशक्त अपाङ्ग - ८९ जना

च. विपन्न दलित बालबालिका - १ जना

जम्मा : ६०२६ जना

२. आ.व. २०७५/०७६ को दोश्रो चौमासिक सामाजिक सुरक्षा भत्ताको किस्ता भ.न.पा.वडा नं. १ देखि १० सम्म मिति २०७५ फागुन १४ गतेदेखि फागुन १६ गतेसम्म वितरण गर्ने निर्णय निर्णय गरियो ।

**च. आर्थिक समिति :**

मिति २०७५।१०।४ गते बसेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको चौथो नगरसभामा प्रस्तुत गर्न तयार गरिएको आर्थिक समितिको प्रतिवेदन आ.व. २०७५/०७६ को श्रावणदेखि मंसिर महिनासम्मको निर्णयहरु र कार्यान्वयनको प्रगति समेत समावेश गरी पारित गरियो ।

२. भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७५ मा कवाडी सामानहरुको तौलको आधारमा नगरपालिकाले कवाडी कर लिने व्यवस्था भएकोमा तौलको आधारमा कर लिन छुट्टै कर्मचारी खटाउनु पर्ने र कवाडी सामान तौल गर्ने समय कार्यालय समयको अघिपछि पनि हुन सक्ने भएकोले कवाडी व्यवसायीहरु समेत उपस्थित भएको छलफलमा प्रत्येक पटक तौल गरेर कर लिनु भन्दा सरदर तौलको आधारमा प्रतिगाडीका हिसाबले कर लिंदा व्यवहारिक हुने प्रस्ताव आएकोमा हाललाई ठूला सवारी साधन (ट्रक, लरी आदि) को हकमा प्रतिगाडी रु.१,०००।- तथा साना सवारी साधन (टाटा मोबाइल, मिनिट्रक आदि) को हकमा रु.५००।- प्रति गाडीका दरले कवाडी कर लिंदा व्यवहारिक हुने व्यहोरा बोर्ड बैठक समक्ष अनुरोध गर्ने र कवाडी कर नतिरी कवाडी सामान लगेमा प्रति गाडी रु.१०,०००।- जरिवाना गर्ने निर्णय गरियो ।

**छ. युवा तथा खेलकुद समिति**

मिति २०७५।११।६ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ फागुन ५-७ गतेसम्म भएको अन्तर नगर करांते प्रतियोगिताको समापन तथा पुरस्कार वितरण समारोहका प्रमुख अतिथि, अतिथि, जनप्रतिनिधिहरु, खेलका रेफ्रीहरुलाई २५० (दुई सय पचास) भाग सम्यबजीको व्यवस्था गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ फागुन ५-७ गतेसम्म भएको अन्तर नगर करांते प्रतियोगितामा रेफ्रीहरुलाई प्रतिदिन रु.१५००।- (पन्ध्र सय) का दरले र प्रतियोगितामा खेल कौशल प्रदर्शन गर्ने खेलाडीहरुलाई प्रति खेलाडी रु.१५००।- (पन्ध्र सय) दिने निर्णय गरियो ।

## ज. निर्माण समिति :

**मिति २०७५।११।८ गते बसेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

| क्र.सं | योजना का बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सडक बत्ती मर्मत सम्भार कार्य | १/१० | ६५८,६९१।१० | | | | | | मर्मत कोष | |
| २ | गय भिद्यो हनुमन्ते खोला पुल | ७ | २७,५२८,२६६।९६ | ४४,२४७,७३७।२१ | | | | | नपा | |
| **ख) पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | नृत्यनाथ पाटी पुनः निर्माण कार्य | ८ | २,९१०,०४७।६५ | | २,३४६,६८८।३८ | १,९९४,५१७।१४ | १,५९३,२२१।०० | ४०१,२९६।१४ | | खर्च समर्थन |
| **ग) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा** | | | | | | | | | | |
| १ | हाडा छे पुनः निर्माण कार्य | ४ | उपभोक्ता समिति अध्यक्ष कृष्ण गोबिन्द दुवाल | | | | अनुगमन समिति संयोजक राजेन्द्र माक | | | |

## झ. कर्मचारीको तह वृद्धि, पदस्थापन, ग्रेड वृद्धि र स्तरवृद्धि सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा(४) मा भएको व्यवस्था वमोजिम र दफा ७ लाई आधार मानेर भक्तपुर नगरपालिकाद्धारा प्रकाशित भक्तपुर नगरपालिका राजपत्र खण्ड (२) भक्तपुर फागुन ४ गते २०७५ साल संख्या ११ को कर्मचारी प्रशासनसम्बन्धी (प्रथम संशोधन) विनियम २०७५ को दफा १० को मूल विनियमको नियम ४.१२(क) अनुसार स्वीकृत दरवन्दीका कर्मचारीहरूको तह मिलान, पद मिलान, पदस्थापन गर्ने सम्बन्धमा ७ वर्षभन्दा बढी सेवा अवधि पुगेका देहायका स्थायी कर्मचारीहरूलाई देहायअनुसार १ तह वृद्धि गरी पदस्थापन गरी समायोजन गर्ने निर्णय भई यस

नगरपालिकाको मिति २०७५ माघ २२ गते बसेको चौथो नगरसभाबाट पारित भएको हुंदा सो निर्णय वमोजिम राजपत्रमा तोकिएको सेवा अवधि, शैक्षिक योग्यता पुगेका र नपुगेका कर्मचारीहरूलाई १ तह वृद्धि गरी पदस्थापन गरी समायोजन गर्ने, १ ग्रेड वृद्धि गर्ने र स्तर वृद्धि मिति २०७५।११।... गतेदेखि लागू हुने गरी गर्ने निर्णय गरियो । सो को विवरण यसै साथ संलग्न छ ।

**ञ. अस्थायी, करार, मा.ज्या, दै.ज्या, आंशिक सेवा (खेलकुद प्रशिक्षक) मा कार्यरत कर्मचारीहरूको स्थायी गर्ने विषयमा निम्नानुसार गर्ने निर्णय गरियो :**

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा(४) मा भएको व्यवस्था वमोजिम र दफा ७ लाई आधार मानेर भक्तपुर नगरपालिकाद्वारा प्रकाशित भक्तपुर नगरपालिका राजपत्र खण्ड (२) भक्तपुर फागुन ४ गते २०७५ साल संख्या ११ को कर्मचारी प्रशासनसम्बन्धी (प्रथम संशोधन) विनियम २०७५ को दफा १० को मुल विनियमको नियम ४.१२(ख) अनुसार स्वीकृत दरवन्दीका कर्मचारीहरूको तह मिलान, पद मिलान, पदस्थापन गर्ने सम्बन्धमा यस नगरपालिकाको स्वीकृत दरवन्दीमा न्यूनतम ५ वर्ष सेवा अवधि पुगेका कार्यरत अस्थायी, करार, मा.ज्या, दै.ज्या, आंशिक सेवा(खेलकुद प्रशिक्षक) मा कार्यरत कर्मचारीहरूलाई हालको स्वीकृत दरवन्दीमा समायोजन गरी १ पटकको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट स्थायी गर्न नियमानुसार सूचना प्रकाशित गर्ने निर्णय गरियो । साथै निजहरू स्थायी नियुक्ती नभएसम्मको लागि १ दिनको ग्रेड बराबरको रकम प्रोत्साहन स्वरूप दिने निर्णय गरियो ।